गण्डकी प्रदेश सरकार

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

# पूर्वाधार विकास कार्यालय, नवलपरासी (व.सु.पू)

**सवारी साधन भाडामा लिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।**

**प्रकाशित मितिः-२०८३/०५/०५**

१. यस कार्यालयका लागि बढीमा यस आ.व. २०८३/८४ सम्मको अवधिका लागि निजी सवारी साधन भाडामा लिनुपर्ने भएकाले इच्छुक ब्यक्ति वा योग्य फर्म तथा कम्पनीहरुबाट प्रचलित कानुन बमोजिम रितपूर्वक सिलबन्दी दरभाउपत्र आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचना सम्बन्धी विस्तृत जानकारी यस कार्यालयको Website: idonwalpur.gandaki.gov.np मा उपलब्ध रहेको छ।

२. निवेदन सहितको सिलबन्दी दरभाउपत्र पेश गर्दा नविकरण भएको सवारी दर्ता प्रमाणपत्र, सवारीचालक अनुमति पत्र, फर्मको हकमा (फर्म दर्ता तथा नविकरणको प्रमाणपत्र, मुल्य अभिवृद्धि कर दर्ता भएको प्रमाणपत्रको प्रतिलिपीहरु) संलग्न राखि यो सूचना प्रकाशन भएको मितिले ७ औ दिन मिति २०८३/०५/११ कार्यालय समय भित्र यस कार्यालयको राजस्व खाता नं १०००१००२०००१०००० (कार्यालय कोड नं. ३३७०१४६०१४ राजस्व शिर्षक नं. १४२२९ जम्मा गर्ने वैक राष्ट्रीय वाणीज्य वैक) मा रु १००० पछि फिर्ता नहुने गरी दस्तुर जम्मा गरी कार्यालयमा आफै उपस्थीत भई वा आफ्नो आधिकारीक प्रतिनिधि पठाई कार्यालयवाट दरभाउपत्र सम्वन्धी कागजात लिनुपर्नेछ।

३. पेश गर्ने अन्तिम मिति २०८३/०५/१५ गतेको दिनको मध्यान्न १२ वजे भित्र दरभाउपत्रको कागजातको BOQ मा दररेट भरी, संझौताका शर्तहरुका सहि गरी सिलवन्दी दरभाउपत्र दर्ता गर्नुपर्नेछ । रित नपुगी आएका वा म्याद नाघि आएका वा अन्य शर्त राखि पेश हुन आएका दरभाउपत्रलाई मान्यत दिइने छैन, सोहि दिन दिउसो १:०० वजे सिलवन्दी दरभाउपत्र खोलीने छ । उक्त दिन सार्वजनिक विदा पर्न गएका विदाको भोलीपल्ट सम्पुर्ण कार्य गरिनेछ।

४. साथै, यस सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धित कुनै जानकारी लिनु परेमा कार्यालय समयमा कार्यालयमा सम्पर्क गर्न सकिने छ।

कार्यालय प्रमुख

**Gandaki Provincial Government**

**Ministry Of Physical Infrastructure Development and Transport manangment**

# Infrastructure Development Office,

**Kawasoti, Nawalparasi, Bardaghat,Susta east**

**Bill of Quantity**

| S.No. | Description | Unit | Qty. | Rate | | Total | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In Fig. | In word | | |
| 1 | Hiring of 4 WD, four door pick-up vehicle for the supervision and monitoring of construction work as the direction of engineer | Month | 10.5 | | | | |
| | | | | Sub-total | | | |
| | | **Total amount** | | | | | |
| **Total amount in words :-** | | | | | | | |

On the behalf of vehicle Supplier

**Name:-**

**Designation:-**

**Seal :-**

**Signature**

**Date :-**

# सवारीसाधन भाडामा लिने सम्वन्धि
# सिलबन्दी दरभाउपत्र
# सम्वन्धी   कागजात

पूर्वाधार विकास कार्यालय कावासोती, नवलपरासी(वर्दघाट सुस्ता पूर्व)

२०८३ श्रावण

## सिलवन्दी दरभाउपत्रदातालाइ निर्देशन

| | |
|---|---|
| १. खरिद गरिने विषयको क्षेत्र : | १.१ यस सिलवन्दी दरभाउपत्र सम्बन्धी कागजातमा संलग्न स्पेशिफिकेशन वमोजिम सवारी साधन भाडामा लिनुपरेकोले सिलवन्दी दरभाउपत्र आह्वान गरिएको छ सफल सिलवन्दी दरभाउपत्रदाताले यस दरभाउपत्रमा उल्लेख भए वमोजिम सवारीसाधन आपुर्ति गर्नुपर्नेछ । |
| २. लागुहुने अवस्था : | २.१ खरिद सम्झौताका अन्य भागमा उल्लेख गरिएका कुराहरुले कुनै परिवर्तन गरेको अवस्थामा बाहेक खरिद सम्झौताको सामान्य शर्तमा उल्लेख भएका कुराहरु लागू हुनेछन्। |
| ३. खरिद सम्झौताको प्रयोग | ३.१ सवारी धनि/फर्मले खरिद सम्झौता सम्बन्धी विषयका कुनै कुरा, त्यसमा रहेका कुनै प्रावधान, स्पेसिफिकेशन, आदिका सम्बन्धमा खरिदकर्ताको पूर्व लिखित स्वीकृति वेगर आपूर्तिकर्ताको तर्फबाट यसै काममा संलग्नहुने व्यक्ति बाहेक अरु कसैलाई जानकारी दिनु हुंदैन । |
| ४. दरभाउपत्रदाताको ग्राह्यता : | ४.१ दरभाउपत्रदाताको सूचना बमोजिम दरभाउपत्र पेश गर्न देहायवमोजिका प्रमाण कागजातहरु पेश गर्ने सबै सवारी धनि/फर्म कानून बमोजिम ग्राह्य भएको मानिनेछ ।<br>क) फारममा दस्तखत गर्ने ब्यक्ति/अधिकारीका लागि जारी गरिएको अधिकार पत्र (Power of Attorney) .<br>ख) सवारी साधनको कर तिरेको कागजात ।<br>ग) Blue Book नविकरण कागजात ।<br>घ) सवारी चालकको चालक अनुमतिपत्रको प्रतिलिपी<br>ङ) ब्यक्ती भए नेपाली नागरीकताको प्रतिलिपी र फर्म भए<br>● फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि<br>● मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्रको प्रतिलिपि,<br>● व्यवसाय दर्ताको ईजाजतपत्रको प्रतिलिपि<br>● आन्तरिक राजश्व विभागबाट आ.ब. २०८१।८२ को कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजातको प्रतिलिपि, |
| ५. एउटा दरभाउपत्रदाताले एउटा दरभाउपत्र पेश गर्न पाउने: | ५.१ एक दरभाउपत्रदाताले व्यक्तिगतरुपमा /फर्मले एउटा मात्र दरभाउपत्र पेश गर्न सक्नेछ । एक दरभाउपत्रदाताले एक भन्दा बढी दरभाउपत्र पेश गरेमा सो दरभाउपत्रदाता सहभागी भएको सवै दरभाउपत्र रद्द हुनेछन् । ( एक सवारीसाधनले एउटा मात्र दरभाउपत्र पेश गर्न पाउनेछ) |
| ६. दरभाउपत्र सम्बन्धी कागजातका बिषयहरु | ६.१ दरभाउपत्र सम्बन्धी कागजातमा देहायमा उल्लेखित कागजातहरु रहनेछन्: (क) सिलवन्दी दरभाउपत्र आह्वानको सूचना (ख) दरभाउपत्रदातालाई निर्देशन (ग) खरिद सम्झौताका शर्तहरु |
| ७. दरभाउपत्रको भाषा | ७.१ दरभाउपत्र सम्बन्धी कागजातको तथा दरभाउपत्र सम्बन्धी सम्पूर्ण कागजपत्रहरुको भाषा नेपाली भाषामा हुनेछ । |
| ८.दरभाउपत्रको मुद्रा | ८.१ दरभाउपत्रको मुद्रा नेपाली रुपैया हुनेछ र खरिद सम्झौता बमोजिमको भुक्तानी समेत नेपाली रुपैयामा गरिनेछ । |

| | |
|---|---|
| ९. दरभाउपत्र सम्बन्धी कागजातमा कुनै द्विविधा भएमा स्पष्ट गर्न अनुरोध गर्न सकिने | ९.१ दरभाउपत्रदातालाई दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित कुनै कुरामा द्विविधा वा जिज्ञासा भएमा खरिदकर्तालाई स्पष्ट गरी दिन दरभाउपत्र पेश गर्ने अन्तीम मिति भन्दा ५ दिन पहिले कार्यालय समयभित्र कार्यालयमा आई लिखित रुपमा अनुरोध गर्न सकिने छ ।<br>९.२ खरिदकर्ताले त्यस्तो अनुरोधको स्रोत उल्लेख नगरी दरभाउपत्र पेश गर्ने अन्तिम म्याद समाप्त हुनु अगावै दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्ने सवै दरभाउपत्र दतालाई त्यस्को जवाफ पठाउनु पर्नेछ । |
| १०.० कबोल मूल्य | १०.१ दरभाउपत्रदाताले सवारी साधनको भाडादर अंक र अक्षरमा दुवैमा प्रस्ट लेखी पेश गर्नुपर्नेछ ।<br>१०.२ कबोल मूल्यमा खरिद सम्झौता बमोजिम दरभाउपत्रदाताले तिर्नुपर्ने ( फर्म भए मू.अ. कर बाहेक) कर, शुल्क लगायत अन्य शुल्कहरु समेत समावेश रहेको मानिनेछ ।<br>१०.३ दरभाउपत्रदाताले दरभाउमा उल्लेख गरेको मूल्य अपरिवर्तनीय रहनेछ । मूल्य परिवर्तन नहुने कुरा सम्झौता बमोजिमको काम सम्पन्न नहुन्जेल सम्मको अवधिका लागि लागु हुनेछ र यस अवधिमा हुने कुनै मूल्य परिवर्तनलाई मानिने छैन । |
| ११.० दरभाउपत्रमा हस्ताक्षर गर्नु पर्ने | ११.१ दरभाउपत्र नमेटिने मसीले लेखिएको वा टाइप गरिएको र आधिकारिक व्यक्तिबाट हस्ताक्षर भएको हुनुपर्नेछ । दरभाउपत्रमा लेखिएको कुनै दर सच्चाइएको, फेरबदल गरिएको, थपिएको भएमा सो स्थानमा माथि उल्लेखित आधिकारिक हस्ताक्षरीबाट हस्ताक्षर गरिएको हुनुपर्नेछ । |
| १२. शिलवन्दी दरभाउपत्रको खाम बाहिर लेख्नु पर्ने कुरा | खामवन्दी गरी लाहाछाप लगाई, दरभाउपत्र पेश गरेको कार्यालयको नाम, पेश गर्ने संस्था वा ब्यक्तीको नाम र सवारीसाधन नं उल्लेख गर्नुपर्नेछ । |
| १३.० दरभाउपत्र खरिद तथा दाखिला गर्ने अन्तिम मिति र समय | १३.१ देहायको मिति र समय भित्र खरिदकर्ता समक्ष दरभाउपत्र खरिद तथा दाखिला गर्नु पर्नेछ<br>खरिद गर्ने अन्तीम मिति २०८३।०५।११ पूर्वाधार विकास कार्यालय कावासोती, नवलपरासी(वर्दघाट सुस्ता पूर्व) , कार्यालय समय भित्र<br>दाखीला गर्ने अन्तीम मितिः २०८३।०५।१५ मन्ध्यान्न १२ वजे भित्र<br><br>१३.२ दरभाउपत्रदाताले पेश गर्दा खरिदकर्ताबाट बिक्री भएको दरभाउपत्र सम्बन्धी कागजातमा निर्धारित ढांचामा भरी आफैंले वा आफनो प्रतिनिधी मार्फत वा हुलाक वा कुरियर मार्फत दरभाउपत्र पेश गर्नु पर्ने स्थानमा दरभाउपत्र पेश गर्ने अन्तिम मिति र समय भित्रै पेश गर्नु पर्नेछ । हुलाक वा कुरियर मार्फत दरभाउपत्र पेश भएकोमा म्याद नाघी प्राप्त हुन आएमा त्यस्तो दरभाउपत्र उपर कारबाही गरिने छैन । |
| १४. दरभाउपत्र फिर्ता वा संशोधनको लागि सिलबन्दी निवेदन दिन सकिने | १४.१ दरभाउपत्रदाताले आफूले पेश गरेको दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न चाहेमा सो सम्बन्धी “निवेदन तथा त्यस्तो दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न अधिकार दिईएको पत्र”, खाममा सिलबन्दी गरी दरभाउपत्र दाखीला गर्ने अन्तीम मिति भन्दा २४ घण्टा अगाडी कार्यालयमा पेश गर्नुंपर्नेछ ।<br>। १४.२ दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न अधिकार दिइएको पत्र निवेदनसाथ संलग्न भई नआएमा त्यस्तो निवेदन उपर कारबाही गरिने छैन<br>१४.३ दरभाउपत्र फिर्ता लिन निवेदन दिएको भएमा त्यस्ता |

| | |
|---|---|
| | दरभाउपत्रदाताको दरभाउपत्र, दरभाउपत्र खोल्ने कारबाहीसमाप्त भए पछि नखोली फिर्ता गरिनेछ । <br>१४.४ दरभाउपत्र पेश गर्ने अधिकारनामा र दरभाउपत्र फिर्ता लिन वा संशोधन गर्न दिईने अधिकारनामा एउटै व्यक्तिलाई दिईएको हुनु पर्नेछ । |
| १५. म्याद भित्र पेश नभएको दरभाउपत्र | १५.१ दरभाउपत्र पेश गर्ने अन्तिम म्याद नाघी आएको दरभाउपत्र स्वीकार गरिने छैन र त्यस्तो दरभाउपत्र नखोली सम्बन्धित दरभाउपत्रदातालाई फिर्ता गरिनेछ । |
| १६. दरभाउपत्र खोल्ने मिति, समय, स्थान र दरभाउपत्र खोल्ने प्रक्रिया | १६.१ दाखिला भएका दरभाउपत्रहरु देहायको मिति, स्थान र समयमा उपस्थित दरभाउपत्रदाताको वा निजको अधिकार प्राप्त प्रतिनिधिको रोहवरमा खोलिने छन् । तर दरभाउपत्रदाना वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले दरभाउपत्र खोल्न बाधा पर्ने छैन । <br>दरभाउपत्र खोलीने मितिः मितिः २०८३।०५।१५ दिउसो १:०० वजे <br>स्थानः कार्यालय परिषर <br>समयः दिउसो १ वजे <br>१६.२ दरभाउपत्र खोल्नु अघि सार्वजनिक निकायले म्याद नाघी प्राप्त हुन आएको दरभाउपत्रको खाम, दरभाउपत्र फिर्ता वा संशोधन गर्नको लागि दिइएको निवेदनको खाम र रीतपूर्वक दर्ता भएका दरभाउपत्रको खामलाई छुट्याउनु पर्नेछ । <br>१६.३ दफा १६.२ बमोजिम छुट्याई सकेपछि दरभाउपत्रदाताले दरभाउपत्र फिर्ता गर्न पेश गरेको निबेदनको खाम र दरभाउपत्र संशोधन गर्नको लागि दिइएको खामहरु खोली त्यस्ता खाम भित्र रहेको ब्यहोरा र दरभाउपत्र फिर्ता वा संशोधन गर्न पेश गरिएको अधिकार पत्र पढेर सुनाउनु पर्नेछ । <br>१६.४ दफा १६.३ बमोजिमको प्रक्रिया सम्पन्न भए पछि खरिदकर्ताले दाखिला भएका दरभाउपत्रहरु मध्ये दरभाउपत्र फिर्ता माग गरेको, दरभाउपत्र र म्याद नाघी प्राप्त हुन आएको दरभाउपत्र को बाहेक अन्य दरभाउपत्रहरु क्रमैसंग खोली त्यस्तो दरभाउपत्र को देहायको कुरा पढेर सुनाई सोको मुचुल्का तयार गर्नु पर्नेछ र त्यस्तो मुचुल्कामा खोल्ने कार्यमा संलग्न पदाधिकारीहरु तथा उपस्थित दरभाउपत्रदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्नेछः- <br>(क) दरभाउपत्र दाताको नाम र ठेगाना, (ख) दरभाउपत्र को कबोल अङ्क र प्रत्येक एकाई दररेट, (ग) दरभाउपत्र मा कुनै छुट दिन प्रस्ताव गरिएको भए सोको व्यहोरा, (घ) अङ्क र अक्षरका बीच भिन्नता भए सो भिन्नताको विवरण, (ङ) दरभाउपत्र फाराममा तथा दरभाउपत्र फिर्ता वा संशोधनको लागि हस्ताक्षर गर्न अधिकारनामा पेश भए वा नभएको, (च) दरभाउपत्र सम्बन्धी कागजातमा सच्चाईएको वा केरमेट गरेकोमा केरमेट गरी उल्लेख गरेको रकम र व्यहोरा, (छ) दरभाउपत्र फाराममा तथा दरभाउपत्र फिर्ता वा संशोधनको लागि पेश भएको निबेदनमा दरभाउपत्र दाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए वा नभएको, (ज) दरभाउपत्रदाताको कानूनी ग्राह्यता प्रमाणित गर्ने कागजात पेश भए वा नभएको, <br>१६.५ खरिद कर्ताले १६.४ बमोजिम तयार गरेको मुचुल्काको प्रमाणित प्रतिलिपि खोलेको दिन नै मुचुल्कामा हस्ताक्षर गर्ने सबैलाई दिनु पर्ने छ । |

| | |
|---|---|
| १७. दरभाउपत्र दातासँग आवश्यक जानकारी माग गर्न सकिन | १७.१ खरिदकर्ताले दरभाउपत्र को परीक्षण वा मूल्याङ्कनको सिलसिलामा दरभाउपत्र दातासँग आवश्यक जानकारी माग गर्न सक्नेछ ।<br>१७.२ खरिदकर्ताले माग गरेको जानकारी सम्बन्धित दरभाउपत्रदाताले खरिदकर्ता समक्ष पेश गर्नु पर्नेछ र त्यसरी जानकारी दिंदा दरभाउपत्र को मूल्य वा अन्य सारभूत कुरा परिवर्तन वा हेरफेर गर्न सकिने छैन । |
| १८ . दरभाउपत्र मूल्याङ्कन प्रक्रिया गोप्य रहने | २५.१ सफल दरभाउपत्र दातालाई दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना नदिए सम्म दरभाउपत्र हरुको परीक्षण, मूल्याङ्कन र तुलना, दरभाउपत्र दातासंग माग भएको जानकारी तथा दरभाउपत्र स्वीकृतिको सिफारिस जस्ता प्रक्रियाहरु गोप्य राखिनेछ ।<br>१८.२ दरभाउपत्र खोलेको समय देखि दरभाउपत्र स्वीकृतीको सूचना नदिंदा सम्मको अवधिमा दरभाउपत्र का सम्बन्धमा प्रभाव पार्ने उद्देश्यले खरिदकर्तासँग सम्पर्क गर्न वा दरभाउपत्र को परीक्षण र मूल्यांकनमा कुनै किसिमले प्रभाब पार्ने कार्य गरेमा निजको दरभाउपत्र रद्द हुनेछ । |
| १९. दरभाउपत्रदाताको ग्राह्यताको परीक्षण | १९.१ दरभाउपत्रदाता दरभाउपत्र पेश गर्न कानून बमोजिम योग्य भएको पुष्ट्याई गर्न दरभाउपत्र दातालाई निर्देशनको दफा नम्बर ४ मा उल्लिखित कागजातहरु पेश भए वा नभएको सम्बन्धमा दरभाउपत्र मूल्याङ्कन समितिले दरभाउपत्रदाताको ग्राह्यताको परीक्षण गर्नेछ । दरभाउपत्रदाताको ग्राह्यता प्रमाणित गर्ने कागजात पेश नगर्ने दरभाउपत्रदाताको दरभाउपत्र उपर अग्रिम कारबाहीगरिने छैन ।<br>१९.२ उपदफा १९.१ मा जुनसुकै कुरा लेखिको भएता पनि दरभाउपत्र सम्बन्धी कागजात खरिद गर्दा कानूनी ग्राह्यता पुष्टि गर्ने कागजात पेश गरि सकेको भएमा त्यस्तो कागजातलाई मान्यता दिईनेछ ।<br>१९.३ खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भनी दरभाउपत्र पेश गरेको निबेदनमा गरेको घोषणालाई लिखितरुपमा गरेको घोषणापत्र सरह मान्यता दिईनेछ । |
| २०. दरभाउपत्र को पूर्णताको परीक्षण | २०.१ ग्राह्यताको परीक्षण पछि दरभाउपत्र सम्वन्धी कागजातमा दरभाउपत्र दातालाई दिइएको निर्देशन अनुरुप दरभाउपत्र पूर्ण भए वा नभएको सम्बन्धमा देहाय बमोजिम दरभाउपत्र मूल्याङ्कन समितिले पूर्णताको परीक्षण गर्नेछः<br>(क) दरभाउपत्र दाता वा निजको अधिकार प्राप्त प्रतिनिधिको सहिछाप भए वा नभएको,<br>ख) दरभाउपत्र दाताको अधिकार प्राप्त प्रतिनिधिलाई दरभाउपत्र मा हस्ताक्षर गर्न दिएको अख्तियारनामाको सक्कल कागजात पेश भए वा नभएको,<br>(ग) खरिदकर्ता वा खरिदकर्ताले तोकेको अन्य निकायबाट बिकी गरेको दरभाउपत्र सम्बन्धी कागजातमा दरभाउपत्र पेश भए वा नभएको,<br>(घ) सम्बन्धित व्यक्ति, फर्म, संस्था वा कम्पनी आफैले खरिद गरेको दरभाउपत्र सम्बन्धी कागजात भरी पेश भए वा नभएको (ङ) सारभूतरुपले असर गर्ने शर्त राखी दरभाउपत्र पेश भए वा वा नभएको, (च) खरिदकर्ताले माग गरेको अन्य कागजात पेश भए वा नभएको । |
| २१. अंक गणितीय त्रुटी सच्याउन सकिने | २१.१ दरभाउपत्र परीक्षण गर्दा दरभाउपत्र मा कुनै अंक गणितीय त्रुटी पाइएमा खरिदकर्ताले त्यस्तो त्रुटि सच्याउन सक्नेछ र त्यसरी त्रुटी सच्याउंदा |

| | |
|---|---|
| | इकाइ दर र कूल रकममा भिन्नता भएमा इकाइ दर मान्य हुनेछ र सोही दर बमोजिम कूल रकम सच्याईनेछ ।<br>२१.२ दरभाउपत्र मा उल्लेख गरेको रकम अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको रकम मान्य हुनेछ । खरिदकर्ताले त्रुटी सच्याएकोमा सो को जानकारी सम्बन्धित दरभाउपत्र दातालाई दिईनेछ ।<br>२१.३ दरभाउपत्र मा देखिएको अंकगणितीय त्रुटी सच्याइएको कुरा दरभाउपत्र दाताले स्वीकार नगरेमा निजको दरभाउपत्र रद्द गरिनेछ । |
| २२. दरभाउपत्रको मूल्याङ्कन तथा तुलन | २२.१ खरिदकर्ताले दरभाउपत्र सम्बन्धी कागजातमा उल्लेखित सवै शर्तहरु पूरा गरेका प्रत्येक सारभूतरुपमा प्रभावग्राही दरभाउपत्रहरुको मूल्याङ्कित रकम अर्को दरभाउपत्रको मूल्याङ्कित रकमसंग तुलना गरी न्यूनतम अंक कबोल गर्ने बोलपत्र निर्धारण गर्नु पर्नेछ । |
| २३. दरभाउपत्र को स्वीकृतिको लागि छनौट गरिने | २३.१ दफा २२.१ बमोजिम न्यूनतम अंक कबुल गर्ने दरभाउपत्र दाताको योग्यता दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता अनुरुप भए नभएको जांच गर्नु पर्नेछ ।<br>२३.२ न्यूनतम अंक कबुल गर्ने दरभाउपत्र दाताको योग्यता जाँच गर्दा दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित योग्यता अनुरुप भएको पाईएमा त्यस्तो दरभाउपत्र न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही दरभाउपत्र मानिनेछ ।<br>२३.३ यसरी जांच गर्दा त्यस्तो दरभाउपत्र दाताको योग्यता दरभाउपत्र सम्बन्धी कागजातमा उल्लिखित मूल्यांकनका आधार अनुरुप भएको नपाइएमा निजको वोलपत्र मूल्यांकनवाट हटाइ क्रमशः अर्को न्यूनतम अंक कबुल गर्ने दरभाउपत्र दाताको योग्यताको जाँच सोही आधारमा गरी न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही दरभाउपत्र दाताको पहिचान गरिनेछ ।<br>२३.४ दरभाउपत्र सम्बन्धी कागजात अनुरुप न्यूनतम मूल्यांकित सारभूतरुपमा प्रभाबग्राही भएको दरभाउपत्र दाताको कबोल रकम लागत अनुमान भन्दा सारभूतरुपमा बढी नभएमा स्वीकृतिको लागि छनौट गरिनेछ । |
| २४. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार खरिदकर्ताको हुने | २४.१ कुनै दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, खरिद कारबाही रद्द गर्ने वा ठेक्का प्रदान गर्नु अघि कुनै पनि समयमा सबै दरभाउपत्रहरु रद्द गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा रहने छ । यसरी दरभाउपत्र रद्द गरिएको भएमा रद्द गरिएको कारण दरभाउपत्र पेश गर्ने सबै दरभाउपत्र दातालाई जानकारी दिईनेछ |
| २५. दरभाउपत्र स्वीकृत गर्ने, सो को जानकारी दिने र सम्झौता गर्ने | २५.१ पुनराबलोकनको लागि कुनै पनि दरभाउपत्र दाताले निबेदन नगरेमा छनौट भएको दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गरी निजलाई सात दिन भित्र खरिद सम्झौता गर्नको लागि सूचना दिईनेछ ।<br>२५.२ दरभाउपत्र दाता सम्झौता गर्न नआएमा सो भन्दा लगत्तै पछिको अर्को न्यूनतम मूल्यांङ्कित सारभूतरुपमा प्रभावग्राही दरभाउपत्र दाताको दरभाउपत्र स्वीकृत गरी निजसंग खरिद सम्झौता गरिनेछ । |
| | |

# सम्झौताका शर्तहरु

- भाडामा लिइने सवारीको सिट क्षमता चालक सहित ५ जनाको हुनु पर्नेछ र प्राइभेट नम्वर प्लेट भएको 4WD Pick Up हुनुपर्नेछ । गाडी जांच गरी राम्रो अवस्थाको भए मात्र भाडामा लिइनेछ ।
- प्रचलित नेपालको कानून बमोजिम लाग्ने सवारी साधन कर/दस्तुरहरु तथा अन्य तिर्नुपर्ने सम्पूर्ण जिम्मेवारी सम्वन्धीत सवारीधनिको हुनेछ ।
- सवारीको लागि इन्धनको ब्यवस्था कार्यालयवाट हुनेछ ।
- सवारी साधन कच्ची सडकमा समेत संचालन गर्न सक्ने हुनुपर्नेछ ।
- भाडामा उपलब्ध गराउने सवारी साधन मिति २०८४ असार मसान्त सम्मका लागि यस कार्यालयलाई भाडामा दिन इच्छुक भएको हुनुपर्दछ ।
- कुनै कारणले भाडामा दिएको सवारी बिग्रेको खण्डमा कार्यालयको काममा वाधा नपुग्ने गरी सो को सट्टामा तुरुन्त अर्को तोकिएको स्पेसीफीकेशन भएको सवारीको व्यवस्था सवारीधनिले मिलाउनु पर्नेछ अन्यथा कार्यालयले प्रत्येक एक दिन नआए वापत दामासाहिले एक दिनबाट हुन आउने भाडा मासिक रकम बाट कटाउन सक्नेछ । तर तीन दिन सम्म पनि कुनै लिखित जानकारी नदिई कार्यालयको सेवामा नआएको खण्डमा कार्यालयले उक्त सम्झैता रद्द गर्न समेत सक्नेछ ।
- भाडामा दिएको सवारी दुर्घटना हुन गई सो सवारीमा भएको क्षती र सो दुर्घटनाबाट अन्य कुनै व्यक्ति अगं भंग भएमा, साथै संस्थाको सम्पत्तिमा क्षति पुऱ्याएमा त्यस्तो क्षति लगायत सम्पूर्ण कुराको जिम्मेवारी सवारीधनि उपर नै हुनेछ ।
- सवारीधनी भाडामा दिने सवारी प्रचलित ट्राफिक नियम अनुसारको सवै प्रकृया एवं रीतपुगेको हुनु पर्नेछ, चालकले आफ्नो सवारी चालक अनुमति पत्र र ब्लू बुक आदी गाडीसँग सम्बन्धित कागजातहरु सवारीमा हमेसा राखी रहनु पर्नेछ । गाडीको प्रदुषण, जाँचपास आदी सवारी धनिकै तर्फबाट भएको हुनु पर्ने र गराउनु पर्नेछ ।
- सवारी चालकले अफिस टाइममा मादक पदार्थ सेवन गरेमा, कार्यालयका कर्माचारीहरुसंग विवाद गरेमा, कार्यालयले दिएको जिम्मेवारी पुरा नगरेमा, कार्यालयले सवारी चालकको आचरण खराब ठहर गरेको खण्डमा सम्झौतामा कुनै असर नपर्ने किसिमले कार्यालयको आग्रहमा सवारीधनीले उक्त सवारी चालकलाई हटाई निजको स्थानमा अर्को सवारी चालक नियुक्त गर्नुपर्नेछ । साथै नियुक्त भएका चालकहरु काम छोडी भागि गएमा सो को जानकारी गराए पश्चात तत्काल निजको स्थानमा अर्को सवारी चालक नियुक्त गर्नुपर्नेछ ।
- सम्झौता पश्चात करारको म्याद समाप्त नहुदै कुनै एक पक्षले करारनामा रद्द गर्न चाहेमा सात दिनको अग्रिम लिखित सूचना अर्को पक्षलाई दिई सम्झौता रद्द गर्न सकिनेछ ।
- सबै मर्मत संभारको सम्पूर्ण कार्यहरु, lubricants (engine oil, grease, brake oil, steering oil etc), transmission fluid, tyre repair and replace, battery repair and replace, accidental repair सवारीधनी स्वयमले नै गर्नु पर्ने छ ।
- सवारी साधन सम्बन्धी बिमा, सबै करहरु, सडक कर, सवारी कर र अन्य करहरु सवारीधनी स्वयमले नै गर्नु पर्ने छ ।
- सबै applicable comprehensive insurance including accidental, third party insurance सवारीधनी स्वयमले नै गर्नु पर्ने छ ।
- चालकको सम्पूर्ण खर्च तलब, भत्ता, खाने बस्ने व्यबस्था, चालक लाइसेन्स नविकरण र अन्य सवारीधनी स्वयमले नै गर्नु पर्ने छ ।
- सवारी चालक नेपालको नागरिक हुनुपर्ने, सवारी चालक अनुमति पत्र प्राप्त,
- चालक साधारण लेखपढ गर्न जान्ने, शारिरिक रुपमा तन्दुरुस्त, विश्वासिलो, भरपर्दो हुनुपर्नेछ ।

- चालक duty को समयमा बिडी, चुरोट नखाने, मादक पदार्थ सेवन नगर्ने हुनु पर्नेछ ।
- चालक स्थानीय मार्गहरु र गन्तव्यको परिचित भएको हुनु पर्नेछ । सवारी नियम र कानुन सम्बन्धि ज्ञान भएको हुनुपर्नेछ ।

## चालकले सम्पादन गर्नुपर्ने कार्यहरु :

- आयोजनाको कामको लागि सामान्यतया बिहान ८:०० बजे देखि बेलुका ८:०० बजे सम्म, आयोजनाको काम परेमा जुनसुकै सिफ्टमा वा चाहिएको समय तालिका अनुसार ड्यूटीमा खटाउन सकिनेछ ।
- कार्यालयको कामको सिलसिलामा आयोजना स्थल, पोखरा काठमाण्डौं लगायत विभिन्न कार्यालय तथा स्थानहरुमा सवारी चलाई जाने आउने काम गर्नु पर्नेछ ।
- आफनो जिम्मामा रहेको सवारी साधन, अन्य यन्त्र, उपकरण तथा सामाग्रीहरु कार्यालयको कार्य प्रयोजनमा मात्र प्रयोग गर्ने साथै सोको मर्मत संभार तथा सुरक्षा गर्ने ।
- चालकले आफ्नो सवारी चालक अनुमति पत्र र ब्लू बुक आदी गाडीसँग सम्बन्धित कागजातहरु सवारीमा हमेसा राखी रहनु पर्नेछ ।
- भाडामा लिइएको सवारीलाई प्रत्येक महिना लगवुक दिइनेछ र सो सवारी प्रयोग गर्ने अधिकारीबाट चलेको किलोमिटर र गएका स्थानहरु प्रमाणित गराउनु पर्नेछ ।
- चालकले कार्यालयको Logsheet मा नियमित रेकर्ड राख्नुपर्नेछ ।
- कार्यालयको काम बाहेक अन्य प्रयोजनको निमित्त सवारी चलाउन पाइनेछैन । सवारी चालक कार्यालय सम्म आउने र निजको बसोबास गर्ने स्थान सम्म फर्कन उक्त सवारी साधन प्रयोग गर्न मिल्दैन र बैकल्पिक व्यवस्था गर्नु पर्नेछ। सवारी साधान प्रयोग नभएको अवस्थामा कार्यालय परिषरमा राख्नु पर्नेछ ।

## पूर्वाधार विकास कार्यालयले चालकलाई उपलव्ध गराउने सुविधाहरु :

- यस खरीद प्रकृयाको लागि कार्यालयले चालकलाई कुनै किसिमको सुविधा उपलब्ध गराउने छैन । सवारी धनिले चालकको सम्पूर्ण उत्तरदायीत्व लिनुपर्नेछ । चालकको सम्पूर्ण खर्च तलब, भत्ता, खाने बस्ने व्यबस्था, चालक लाइसेन्स नविकरण र अन्य सवारीधनी स्वयमलेनै गर्नुपर्नेछ ।

## प्रस्तावको तुलना :

- प्रस्तावको तुलना प्रस्तावकले भरेको परिमाणको मूल्यपत्र (BoQ) को प्रति एकाई दरलाई परिमाणले गुणन गर्दा आउने रकमको आधारमा गरिनेछ । साधारणतया कम रकम बोलकबोल गर्ने सवारीधनीको प्रस्ताव स्वीकृत गरिनेछ ।

## सम्झौताको अवधि

मिति २०८४ असार मसान्त सम्म

## सम्झौता तोड्ने र असुल उपर गर्ने :

- सवारीधनिले सम्झौता अनुसारको कार्य सम्पादन नगरेको अवस्थामा कार्यालयले १ (एक) हप्ताको अग्रिम लिखित जानकारी दिई सम्झौता तोड्न सकिनेछ ।
- पूर्वाधार विकास कार्यालयको चल अचल सम्पत्ति हानी नोक्सानी पुर्याउने काम गरेमा वा पूर्वाधार विकास कार्यालयको काम कारवाहीमा अवरोध आउने किसिमको क्रियाकलापमा लागेमा सो बाट भएको हानी नोक्सानीको रकम पूर्वाधार विकास कार्यालयले सवारी सेवा प्रदान गर्ने सवारीधनीलाई भुक्तानी दिईने

रकमबाट कट्टा गरी असुल उपर गरिनेछ र सो बाट पनि नपुग भएमा नेपाल सरकारको बाँकी सरह असुल उपर गरिनेछ ।

**भुक्तानीको सम्बन्धि व्यवस्था :**

- महिना समाप्त भएपछि भुक्तानीको लागी निवेदन पेश गर्नुपर्नेछ , नियमानुसार भाडाकर कट्टा गरी नेपाली रुपैयामा भुक्तानी गरिनेछ । चेक वा सिधै खातामा जाने गरी भुक्तानी दिइनेछ ।
- यो प्रस्तावको विभिन्न बुँदाहरुमा भएको प्रावधान विपरीत कार्य भएमा क्षतिपूर्ति कट्टा गर्न वा भुक्तानी नदिन सकिनेछ ।

**प्रस्ताब रद्ध गर्न सकिने**

- यदि प्रस्तावदाताले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रस्ताव दर्ता गर्न अवरोध खडा गरेमा वा प्रस्ताव स्वीकृत गर्न दवाव दिएमा प्रस्ताव रद्ध गरिनेछ ।

**दुर्घटना र हानी नोक्सानीबाट बचावट :**

- सवारी चालकले सवारी चलाउने कममा कुनै दुर्घटना नहुनेगरी आफ्नो सुरक्षा व्यवस्था आफैले गर्नुपर्नेछ । यदि कुनै दुर्घटना हुन गएमा सवारी धनिले कार्यालय सगँ कुनै क्षतिपूर्तिको माग गर्न पाउने छैन र कार्यालयले पनि कुनै किसिमको क्षतिपूर्ति दिन बाध्य हुने छैन

**बीमा (Comprehensive Insurance) :**

- सबै applicable comprehensive insurance including driver, passenger, accidental, third party insurance सवारीधनी स्वयमले नै गर्नुपर्ने छ ।

**लागू हुने कानून**

- यस खरिद सम्झौताको प्रकृयामा नेपालको कानून लागू हुनेछन ,

**पत्र व्यवहार वा संचार (Communications)**

- कुनै पनि पक्षले कुनै किसिमको सूचना वा निर्देशन लिने दिने वा अन्य संचार प्रकृया सम्बन्धमा नेपाली भाषामा लिखित रुपमा गर्नु पर्नेछ र त्यस्तो सूचना वा निर्देशन लिने दिने कार्यमा बिना कारण रोकिने वा ढिलाई गरिने छैन ।

**बिवाद समाधान :**

करारनामामा उल्लेखित शर्तहरुमा सवारी धनि र कार्यालय बीच कुनै विवाद खडा भएमा सर्वप्रथम आपसी सहमतिको आधारमा गरिनेछ र सो बाट समाधान नभएमा नेपालको प्रचलित कानून बमोजिम हुनेछ ।

**सम्झौताको समाप्ती**

- सवारीधनिले खरिद सम्झौता बमोजिम कार्यसम्पादन नगरेमा सम्झौता अन्त गर्न सकिने छ । सवारीधनिले काम नगरेको कारणबाट सम्झौताको अन्त हुँदा खरिद सम्झौता बमोजिमको काम गराउन लाग्ने थप खर्च वापतको दायित्व आपूर्तिकर्ताले व्यहोर्नु पर्नेछ ।

# Specification

- 4 WD, four door pick-up
- Seating Capacity :  D+4
- Right Hand Drive Model
- Tyres : Tubless Radial tyres with standard size
- Fule tank capacity  not less then 35 lit
- Driver : Skilled Drive with 4-wheeler vehicle license and driving experience of minimum 2 years
- Maintenance: Should provide scheduled vehicle servicing as per company recommendation
- Colour: Standard
- Tools: A set of tools , with a tool bag , as required for general maintenance shall be supplied .
- Essential Accessories:

    Head light, Tail and rear light, reversing light and turn signals
    Cabion lights
    Odometer/speedometer
    One spare wheel and tyre
    Seat belt
    Equipped with all accssories offered in standard model but not limited to the above items.